**निर्णयहरू:-**

१. एम्बुलेन्स सञ्चालनमा हाल देखिएको समस्या समाधानार्थ एम्बुलेन्स सञ्चालक एवं चालकहरूसँग छलफल गरी समस्या समाधानका लागि बैठक बस्ने र सो सम्बन्धमा स्वास्थ्य कार्यालय, मकवानपुरका प्रमुखले आवश्यक समन्वय गर्ने ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १२३०, मिति २०७७-०६-३० को पत्रमार्फत प्राप्त मिति २०७७-०६-२६ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकको निर्णयहरू सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी कार्यान्वयन गर्ने, गराउने ।

३. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १२३५, मिति २०७७-०६-३० को आवश्यक कारवाही विषयक पत्रको व्यहोरा बैठकमा छलफल भयो । सो सम्बन्धमा सार्वजनिक स्थानहरू तथा सर्वजनिक यातायातका सञ्चालकहरू र जिम्मेवार निकाय र पदाधिकारीहरूलाई कोभिड-१९ को संक्रमण र जोखिम रोक्नका लागि भूमिका निभाउन अनुरोध, समन्वय एवं सहकार्य गर्ने । सार्वजनिक स्थानहरूको निसंक्रमण गर्न सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने । साथै, जनस्वास्थ्यका मापदण्ड लागू नगर्ने, नगराउनेहरूलाई कानूनी कारवाहीको दायरामा ल्याउने ।